'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख साप्ताहिक

www.rekhadekh.com

प्रेस काउन्सिल नेपालद्वारा 'ख' मा बर्गिकृत

वर्ष ५ | अंक २६ रुकुम | २०७६ जेठ २७ सोमबार | 10 June 2019 Monday | मुल्य २० | पृष्ठ ६

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा
सूचना तथा विज्ञापन छपाई गर्नु परेमा
पत्रिका नियमित नआएमा
समाचार तथा विचार छपाई गर्नु परेमा

सर्म्पकको लागि :
९८५१२३६७१३,९८४७८७६७१३
Email-info@rekhadekh.com



कम्युनिस्ट गन्थनको 'मन्थन' २



यसरी हुन्छ भूमे पर्वको फुल टिप्ने यात्रा ४



फोनमा 'हेल्लो' भन्ने चलन कसरी चल्यो ? ६

# अपाङ्गमैत्री संरचना: कानून छ, कार्यान्वयन हुदैन्

**प्रवीर ददेल/रेखदेख**
**रुकुम**

मुसीकोट नगरपालिका १३ कि १४ बर्षीया रिता कामी शारीरिक रुपमा पुर्ण अशक्त छिन् । उनका दुवै खुट्टा चल्दैनन् । अपाङ्गताको परिचय पत्र बनाउन ०७५ माघमा मुसीकोट नगरपालिकाका कार्यालयमा उनीलाई बोकेर पुऱ्याएपछि मात्र परिचय पत्र पाईन् । नगरपालिकाको कार्यालयमा पनि उनीलाइ सजिलैसँग भित्र बाहिर गर्न सक्ने अवस्था नभएपछि बोकेरै भित्र बाहिर गराउनु पऱ्यो । मुसीकोट नगरपालिको भौतिक संरचना अपाङ्गमैत्री नहुँदा उनलाई समस्या भएको हो ।
त्रिवेणी गाउँपालिका -९ का २७ वर्षिय घने डाँगीका पनि दुवै खुट्टा चल्दैनन् । उनलाई घरबाट भित्र बाहिर गर्न अरुकै भर पर्नुपर्ने बाध्यता छ । चौरजहारी नगरपालिका -१४ की २३ बर्षीया कल्पना शाही आँखा देख्न देख्दिनन । उनलाई पनि घर, अस्पताल, विद्यालय र सरकारी कार्यालयसम्म पुग्न र फर्किनका लागि अरुकै भर पर्नुपर्ने बाध्यता रहेको छ । ०७६ बैशाखमा उनी बिरामी पर्दा भरियाकै भरमा उनलाई अस्पताल लैजानु पऱ्यो । अस्पतालमा पनि उनीलाई उस्तै समस्या भयो भित्र बाहिर गर्दा आफन्तको भर पर्नुको विकल्प रहेन । माथिका घटना केही उदाहरणहरु मात्र हन् । रुकुम जिल्लाका अधिकांश सरकारी कार्यालयहरु, विद्यालय, अस्पताल, गाउँपालिकाका कार्यालयहरुका साथै सरकारी कार्यालहरु) अपाङ्गमैत्री नहुँदा यहाँका अपाङ्गता भएका व्यक्तिहरु सधै सास्ती र कष्ट बेहोर्न बाध्य छन् ।
साँघुरा सडकहरु र अपाङ्गमैत्री संरचनाको अभावमा अपाङ्गता भएका व्यक्तिहरुलाई आवत-जावत गर्न कठिनाइ भइरहेको छ भने विभिन्न कार्यालयहरुमा सेवा लिन जाँदा समेत उनीहरुलाई कार्यालयसम्म पुग्न कठिनाई भएको मुसीकोट नगरपालिका-१३ निवासी रिता कामीले बताईन् । उनी भन्छिन, 'घरदेखि सरकारी कार्यालयसम्म अपाङ्गता भएका बालवालिकालाई समस्यै समस्या छ।' विशेषगरी रुकुम पशिचमका घर, विद्यालय, स्वास्थ्यचौकी, अस्पताल, होटेल तथा रेष्टुरेष्ट, शौचालय लगायतका सार्वजनिक स्थलका संरचनाहरु अंपाङ्गमैत्री नहुँदा उनीहरुलाई समस्या हुने गरेको अपाङ्गता क्षेत्रमा काम गर्दै आएका अपाङ्ग बहुउद्देश्यीय पुनःर्स्थापना केन्द्रका अध्यक्ष गणेश केसी बताउँछन् । उनी भन्छन्, 'अपाङ्गमैत्री संरचना नहुँदा उपाङ्गगता भएका व्यक्तिलाई सास्ती नै सास्ती रहेको छ ।'कार्यालयसम्म बल्लतल्ल कष्टसहित पुगेपनि कार्यालयहका शाखाहरु पुग्न ज्यादै कठिन रहेको उनको भनाई छ ।



त्रिवेणी गाउँपालिकाका सुचना अधिकारी मानबहादुर खत्रीले अपाङ्गमैत्री संरचना नहुँदा समस्या भएको स्वीकार गरे । उनका अनुसार, 'कार्यालयसम्म आउने बाटो अप्ठ्यारो हुँदा आवतजावतमा समस्या भएको छ ।' साथै कार्यालयका अन्य संरचनाको बनोट पनि अपाङ्गमैत्री नभएको हुँदा आफुहरुले हरेक महिनाको ५ गतेको दिन कार्यालयको चौरमै अस्थाई कार्यालय खडा गरेर भएपनि अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्ने गरेको सुचना अधिकारी खत्रीले बताए । 'हामीलाई अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा दिनपरे चौरमै आउनुपर्ने अवस्था छ', सूचना अधिकारी खत्रीले आफ्ना अनुभव सुनाए ।
रुकुम पशिचम जिल्लामा भर्खरै बनेको रुकुम जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालय बाहेक अरु कुनै पनि संरचनाहरु अपाङ्गमैत्री नभएकोले उनीहरु कार्यालयसम्म पुग्न र सेवा लिन अप्ठेरो रहेको अपाङ्ग संरक्षण मञ्चका अध्यक्ष भिमबहादुर डाँगीले बताए । सेवा लिन जाँदा सहयोगी बिना जान नसक्ने अवस्था रहेको छ अध्यक्ष डाँगीले बताए । 'कुनै पनि अपाङ्गता भएका व्यक्ति एक्लै गएर सरकारी वा अन्य सेवा लिन सक्ने अवस्था नै छैन ।' अध्यक्ष डाँगी भन्छन् 'कुनै पनि कार्यालयमा सेवा लिन जाँदा अपाङ्गता भएका व्यक्तिहरुले सपाङ्ग सरह भएर नै सेवा लिनपर्ने बाध्यता छ ।'
जिल्लामा रहेका पुराना संरचनाहरु अपाङ्गमैत्री नभएको अवस्थामा नयाँ संरचना निर्माणमा पनि ध्यान नदिएको दुवै आँखा नदेख्ने त्रिवेणी गाउँपालिका -१० का १७ वर्षीया कल्पना ओलीले बताउँछिन् । उनका अनुसार अपाङ्गमैत्री संरचना नहुँदा उनीहरुलाई थप पीडा हन्छ । जिल्लामा पछिल्लो पटक बनेका धेरैजसो संरचनाहरु निर्माण गर्दा पनि अपाङ्गता भएका व्यक्तिहरुको सामान्य सरोकारलाई समेत ख्याल नगरिएको ओलीले गुनासो गरिन् ।

**कर्मचारीलाई समेत सास्ती**

अपाङ्गता भएका व्यक्ति सेवाग्राही मात्र होईन्, सेवा प्रवाह गर्ने अपाङ्गता भएका कर्मचारीको पनि समस्या उस्तै छ । विशेषगरी अपाङ्गमैत्री भवन नहुँदा कार्यालयमा पुग्न तथा सेवा प्रबाह गर्न समस्या भएको मुसीकोट नगरपालिकामा कार्यरत नायब सुब्बा सन्तोष मल्ल बताउँछन् । उनी शारिरीक रुपमा असक्त छन् । उनी लठ्ठीको सहारामा हिडडुल गर्ने गर्दछन् ।
मुसीकोट नगरपालिकामै कार्यरत कमला मल्लको पनि हिडडुल गर्न समस्या छ । उनीलाई पनि कार्यालयको तलमाथि गर्न र भित्र बाहिर गर्न समस्या छ । उनले भनिन, शौचालय, भवन र बैठक कोठा लगायतका संरचनाहरु अपाङ्गमैत्री नहुँदा निकै सास्ती हुने गरेको छ ।
रुकुम पशिचम जिल्लामा मात्रै 'क' बर्गका

बाँकी ३ पेजमा...

## समाचार प्रभाव : छात्रबृतिको रकम वितरण



छात्रबृतिको रकम दुरुपयोग

'सरकार दिन्छ, विद्यालय दिदैन'

**रेखदेख संवाददाता**
**मुसीकोट**

सामुदायिक विद्यालयले दुरुपयोग गरेको छात्रबृतिको रकम विद्यार्थीलाई वितरण गरेको छ ।
रुकुम पशिचमको आठविसकोट नगरपालिका-१४ मा रहेको जनविकास माध्यामिक विद्यालय ज्यामिरकोट घेत्माले विद्यार्थीलाई छात्रबृतिको रकम वितरण गरेको जनाएको छ । गत शैक्षिक सत्र २०७४ को छात्रबृति रकम रु. १५ हजार ३ सय शैक्षिक सत्र २०७५ को छात्रबृति रकम ६२ हजार ६ सय रुपैयाँ गरी जम्मा ७७ हजार ९ सय रुपैयाँ बुधबार विद्यार्थीहरुलाई वितरण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद शर्माले जानकारी दिएका छन् ।
रेखदेख साप्ताहिकको वर्ष ५ अंक २०, २०७६ जेठ १३ गते छात्रबृतिको रकम दुरुपयोग शिर्षकमा समाचार प्रकाशितपछि विद्यालय व्यवस्थापन समितिको बैठकले दुई शैक्षिक सत्रको छात्रबृतिको रकम वितरण गरिएको स्थानीयबासी शम्भुप्रसाद शर्माले बताए । उनले भने, 'लामो समय दुरुपयोग भएको छात्रबृतिको रकम विद्यार्थीले पाएपछि खुसी भएका छन् ।' रेखदेख साप्ताहिकमा प्रकाशन गरिएको समाचार मा भण्डै ५ वर्षदेखी यस क्षेत्रका छात्रा तथा दलित विद्यार्थीहरु छात्रबृति रकम पाउँन सकेका थिएनन् । समाचार प्रकाशनपछि विद्यालय व्यवस्थापन समितिको बैठक बसी छात्रबृतिको रकम खर्च भएको बारेमा छानविन गरेको अध्यक्ष शर्माले बताए । उनले भने,' छात्रबृतिको रकम अन्यत्र खर्च भएको पाईएपछि अशुली गरि विद्यार्थीहरुलाई वितरण गर्ने निर्णय गरिएको हो ।' नेपाल सरकार शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिकामा कक्षा १-८ सम्मका दलित छात्रछात्रका साथै छात्राहरुलाई ४ सय रुपैयाँ र ९ र १० कक्षामा अध्ययरत दलित छात्रा-छात्रलाई ५ सय रुपैयाँका दरले हरेक वर्ष छात्रबृति प्रदान गर्ने व्यवस्था गरेको छ । उता विद्यालयका प्रधानाध्यापक र लेखापालले असारमा बुझाउने गरी ३६ हजारको कागज गराएको जनाएको छ । विद्यालयको आन्तरिक स्रोतको रुपैयाँको स्रोत नखुलेपछि विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक खिमान्नद शर्माबाट रु. २० हजार र लेखापाल हरिबहादुर मल्लबाट १६ हजार रुपैयाँ अशुल्ने निर्णय गरेपछि दुबै जनाले असारको तलब खाएपछि विद्यालयमा बुझाउने गरी कागज गरेका छन् । उता विद्यालयका प्रधानाध्यपक खिमान्नद शर्माले २० हजार रुपैयाँको कागज गरी असार महिनाको तलव आएपछि तिर्ने स्वीकार गरेका छन् ।
रेखदेखसँग फोनमा कुरा गर्दै उनले भने, 'छात्रबृतिको रकम तत्काल वुझाउने र ३६ हजार रुपैयाँ म र लेखापालले असारको महिना बुझाउने गरी कागज गरेको प्रधानाध्यापक शर्माको भनाइ रहेको छ ।'

रेखदेखको ग्राहक बन्न
रुकुम (पश्चिम) : ९८२१५६६९९२
रुकुम (पूर्व) : ९८६९९८३२२८
९८२४५२०१०९
बहुउद्देश्यीय सेवा सर्म्पक प्रा.लि.
९८४४९१७४८५

आफ्नो अधिकारको खोजी गर्दा अरुका अधिकार एवम् प्रचलित ऐन नियम कानूनको पनि ख्याल गरौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

ताजा सामाचार र भरपुर मनोरञ्जनको लागि
www.rekhadekh.com

रेखदेख

रूकुमको लोकप्रिय पत्रिका

२०७६ जेठ २७ सोमबार । 10 June 2019 Monday



'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरू त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

### बालश्रम न्यूनीकरणमा ध्यान दिऔं

प्रत्येक वर्ष जुन १२ लाई विश्व बालश्रम विरुद्ध विश्व दिवस मनाउने गरिन्छ । यस वर्ष पनि बुधबार बालश्रम विरुद्ध विश्व दिवस २०१९ मनाउने तयारी भएको छ । हरेक वर्ष बालश्रम मुक्तको लागि खाली दिवश मात्रै मनाउने गरेको पाईन्छ ।

अहिले पनि बालवालिकाहरु होटेल, इट्टा भट्टा, यातायात क्षेत्र लगायतका स्थानमा जोखिमपूर्ण तरिकाले काम गरिरहेका छन् । यस्ता ठाउँमा काम गर्दा न त उनीहरुले श्रमको मुल्य पाएका छन् । नत सुरक्षा नै । हरेक वर्ष बालश्रम मुक्त दिवश मनाउदै जान्छौं । उति नै प्रत्येक वर्ष बालश्रमीकहरु वढ्दै गएका छन् ।

बालश्रम न्यूनीकरण गर्न ठुलो चुनौतिको रुपमा आएको छ । यस विषयमा सर ोकारवाला निकाय गम्वीर हुन जरुरी छ । विशेषगरी पछिल्लो समयमा श्रीमान र श्रीमती बीच कलह पैदा भई परिवारमा विचलन आएका सँगै बालवालिकाहरु घरेलु, होटेल, उद्योग, यातायात क्षेत्रमा कामदारको रुपमा लागीरहेका छन् । भने उनीहरु शिक्षाबाट बञ्चित रहेका छन् । विशेषगरी सहाराबिहीन बालवालिकाहरु जोखीमपूर्ण कार्यमा लागिरहेका छन् । उनीहरु बालश्रमका साथै यौन हिंसा र यौन दुराचार समस्यामा छन् । यस्ता सहरा विहीन वालवालिकाहरुलाई राज्यले नै उनिहरुको संरक्षण र सम्वर्द्धनमा काम गर्नुपर्दछ । हैन भने एक दिन चर्का भाषण गर्दैमा बालश्रम मुक्त हुनै सक्दैन् ।

रेखदेख

पाठक वर्गमा अनुरोध

तपाईहरूलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरू कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७६७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।

- सम्पादक

# कम्युनिस्ट गन्थनको 'मन्थन'

कम्युनिस्ट सरकारले यतिबेला जतिपनि कानुनका लागि विधेयक प्रस्तुत गरेको छ सरोकारवालाहरुबाट ती सबै अस्वीकृत र आलोचित छन् । स्वेच्छाचारी भनिएका छन् । सरकार दुई तिहाइको दम्भमा त्यस्तै स्वेच्छाचारी कानुन बनाउने हठमा देखिन्छ । धम्की दिन्छ । सुशासन छैन, भ्रष्टाचार व्याप्त छ, अझ संस्थागत बनाइएको छ । महँगी झन् बढ्दैछ । विधिको शासन छैन, बहुमतको मनपरी छ । सरकारी हस्तक्षेपले सबै निकाय आक्रान्त भएको गुञ्जन व्याप्त छ ।





**कुलचन्द्र वाग्ले**

सरकारी कम्युनिस्टभित्र यतिबेला मुख्यतः तीन विषयमा गन्थन चलिरहेको छ । पहिलो नेपाल कम्युनिस्ट पार्टी(नेकपा)का अध्यक्ष केपी ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) बीच आलोपालो प्रधानमन्त्री बन्ने लिखित सहमतिको कार्यान्वयन, दोस्रो वैचारिक दिशा निर्दिष्ट गर्ने र तेस्रो पूर्व एमाले र माओवादी केन्द्रबीचको एकतालाई टुंग्याउने विषय ।

अध्यक्ष ओली प्रधानमन्त्री बन्ने बेला समकक्षी दाहालसँग गरिएको समान समयको आधारमा सरकारको नेतृत्व गर्ने भन्ने अर्थ बोकेको लिखित सहमति पत्र सार्वजनिक गरिएको छ । यसपछि त्यो पार्टीभित्र मात्रै होइन, केही समयपछि प्रधानमन्त्री फेरिएर दाहाल बन्दैछन् भन्ने चर्चा नेपाली राजनीतिमा चुलिएको हो । त्यो सहमति पत्रलाई सकार्ने र नकार्ने दुवै समूह नेकपामा मुखर छ ।

दुवै अध्यक्षसमेत महासचिव विष्णु पौडेल र नेता जनार्दन शर्माले पनि किनारा साक्षीमा हस्ताक्षर गरेको सहमति पत्रलाई अविश्वास गर्ने अवस्था रहेन । पौडेल अध्यक्ष ओली र शर्मा अर्का अध्यक्ष दाहालका तर्फबाट साक्षी बसेको स्पष्ट छ ।

सहमति पत्रको आशयअनुसार वा सहमति कार्यान्वयन भए पनि झन्डै एक वर्ष बाँकी रहँदै दाहालले त्यस विषयलाई किन चाँडै जोडदाररूपमा सार्वजनिक गरे ? अझ प्रधानमन्त्री केपी ओली भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शपथग्रहण समारोहमा बधाई दिन पुगेका बेला सहमतिपत्र सार्वजनिक गरिनु र दाहालले बोल्नुमा निश्चय पनि संयोगमात्रै छैन । दाहालले यस्तो 'संयोग' बुझेका थिएनन् भन्नै सकिदैन ।

सरकारको नेतृत्व आलोपालोको यस्तो 'गन्थन'ले यी दुई दलको एकताको धरातललाई समेत छुट्याइदिएको छ । प्रविधिकरूपले नै सही एकताको बाँकी काम टुंग्याउने इच्छाशक्ति अध्यक्ष ओलीमा छ भने उनले पूर्व सहमतिमाथि पुनःमञ्जुरीनामा लेख्नु वा बोल्नु पर्नेछ । यही कारण दाहालले सुनियोजित यो मौका रोजेका हुनुपर्छ । प्रधानन्त्री ओलीले भारतबाट फर्कंदैगर्दा दाहाललाई प्रत्युत्तरमा आफ्नो समय पाँच छ दिन रहेको व्यंग्य गरे । त्यो सहमतिलाई पूरै बेवास्ता गर्ने चेष्टा सार्वजनिक गरेर प्रधानमन्त्री ओलीले आफ्ना समर्थकलाई सहमति विरुद्ध मुखर हुन प्रेरित गरे ।

यिनीहरुबीचको सहमति जे जुकै हालतमा पुगोस्, त्यो नेपाली नागरिकलाई चिन्ताको विषय होइन । तर, सरकारी ठूलो दलभित्रको यस्तो गन्थनले नेपाली राजनीति र देशको अवस्था के हुने वा जनताको दैनन्दिनीमा कस्तो प्रभाव पर्ने हो भन्ने चाहिँ चिन्ताको विषय भएको छ । सहमतिको सन्देशसँगै ओली नेतृत्वको सरकारप्रति राज्यका अन्य निकाय अब आश्वस्त छैनन् ।

प्रधानमन्त्री केपी ओलीको कम्युनिस्ट सरकार पूरै असफल साबित भएको अनुभूति जनताले गरिसकेका छन् । सरकारी पदाधिकारीले जतिसुकै गफ लगाए पनि नेकपाभित्रै सरकार असफल रहेको निष्कर्ष प्रत्यक्ष, अप्रत्यक्ष कतिपय नेताले सार्वजनिक गरेकै छन् । आफू पनि यस्तै निष्कर्षमा पुगेको र सार्वजनिक निष्कर्ष पनि यस्तै रहेको बुझेका दाहालले निराश समाजको ध्यान आफूतर्फ आकर्षित गरेर केही आशा जगाउन खोजेका पनि हुन् ।

कतिपय बखत सुझावको शैलीमा सरकारलाई चेताइरहेका अध्यक्ष दाहालले प्रधानमन्त्री केपी ओलीबाट निराश समाजले विकल्प चाहेको कुरा पनि बुझेका हुन् । त्यही बुझाइको अभिव्यक्ति सहमतिपत्र विषयमा अहिले नै उनले मुख खोलेका हुन् । यसअघि नै कसैको किताबमा सहमतिलाई उल्लेख गरिएको 'पुरानो कुरा' भनिए पनि त्यसले सरकार हस्तान्तरणको सन्देशलाई ऊर्जा नदिएकै बुझाइमा प्रचण्डको दमदार प्रस्तुति प्रकट हुन आवश्यक मानिएको सम्भावना छ । दोस्रो 'गन्थन' वैचारिक आधार निर्माण गर्ने विषयमा छ । प्रधानमन्त्री बन्नको लागि तत्कालीन महासचिव मदन भण्डारी निर्देशित 'जनताको बहुदलीय जनवाद' (जबज) लाई अध्यक्ष ओलीले फालिदिएको एमालेका सिद्धान्तनिष्ठ पुराना धेरै नेता, कार्यकर्तामा पीडा छ । त्यसो त अध्यक्ष दाहालले पनि भन्दै आएको अमूर्त 'एकाइसौं शताब्दीको (नयाँ) जनवाद' लाई विसर्जन गरिदिएकै हुन् ।

दाहाललाई त त्यो अव्यावहारिक र जडसूत्रीय कम्युनिस्ट जनवाद फाल्नै थियो, त्याग्नै थियो । लोकतान्त्रिक दुनियाँमा कम्युनिस्ट जनवाद असम्भव देखे होलान् उनले । उनले मौकाको उपयोग गरे, त्यो थोत्रो फाले । अर्कोतर्फ दाहाललाई जबजको पिछलग्गु भएर काँध थाप्नु पनि थिएन । उनलाई आफ्नै भाष्यको लालसा जो छ ।

प्रधानमन्त्री बन्न अध्यक्ष ओली ठूल्ठूलो त्याग र जे पनि गर्न तयार रहने बानीका साक्षी हुन् पुष्पकमल दाहाल 'प्रचण्ड' । प्रधानमन्त्री दिने भएमात्र संविधान बनाउन साथ लाग्ने सौदाबाजी (बार्गेनिङ) केपी ओलीले तत्कालीन प्रधानमन्त्री सुशील कोइरालासँग गरेको घटनाका साक्षी प्रमाण हुन् दाहाल । अहिले प्रधानमन्त्री बन्ने हतारमा सांसद पदको शपथ नै नलिई विधि भंग गर्ने पनि उनै अध्यक्ष ओली हुन् ।

ओलीको पदाशक्तिसँग भलीभाँती परिचित दाहालले यतिबेलै जबजको पहिचानलाई धूलीसात पार्ने मौका भेटे । नेपालको कम्युनिस्ट आन्दोलनमा 'जबज' मार्फत नेता मदन भण्डारीले कायम गरेको व्यावहारिक विचारको श्रेष्ठतालाई दाहालले स्व.भण्डारीकै अनुयायी ओलीलाई साथ लिएर मानमर्दन मात्रै गरेनन्, निमिट्यान्न नै पारिदिए । अध्यक्ष ओलीलाई सिद्धान्त, विचार र विधिभन्दा प्रधानमन्त्री पद सबैभन्दा माथि रहेको उनको अहिले प्रदर्शित स्वेच्छाचारी दम्भी व्यवहारले पनि पुष्टि गरेकै छ ।

अध्यक्ष ओलीको त्यागले नेकपा विचारहीन भएको स्वीकार गर्दै जबजको पक्षमा उभिन खोजेका छन् नेकपा सचिवालय सदस्य ईश्वर पोखरेल । उनको प्रतिवादमा अध्यक्ष दाहालले मुख खोली सकेका छन् । नेकपालाई जबजको वैचारिक धरातल दिनुपर्ने प्रतिबद्धताले हो वा जबज प्रेमीको मन लुट्न र बुद्धि भुट्न हो रक्षामन्त्री पोखरेलले जबजमा फर्कने इच्छा व्यक्त गरेका छन् ।

जबजको बाटो हुँदै प्रधानमन्त्री भएका अध्यक्ष ओलीको 'उत्थान'को अवसरलाई आफ्नो समेत पोल्टामा पार्न तत्काल मन्त्री पोखरेलले पनि जबज पछ्याउन खोजेका हुन् वा यसप्रति उनको इमान र समर्पण नै हो कि ? पदसँग साट्न सकिने 'जबज' । सिद्धान्त वा विचार हीनताको पीडाले 'मृत' जबज ब्युत्याउने संघर्ष गर्ने हुन् कि कम्युनिस्ट नेता पोखरेलले ? समयको खेलले बुझाउने कुरा भयो यो ।

विचारहीनताको स्वीकारोक्ति त भयो तर विचारको धरातल बनाउने सरकारी कम्युनिस्टभित्रको गन्थन निकट भविष्यमा सायदै टुंगिएला । विपरीत ध्रुवमा देखिएका पोखरेल र दाहालजस्तै नेकपाभित्र शून्य सिद्धान्तका अनेकौं ध्रुव बनेका छन् । तिनले ग्रहण गर्न एकमुष्ट विचारदिने सिद्धान्तकार चिन्तक शक्ति अहिले त्यहाँ छैन । विचारहीन तर पदाशक्तिले बनेको एकताको जोडाइमा रसायन वैचारिक सिद्धान्तबाहेक अरु के होला ? जबसम्म सैद्धान्तिक एकता हुदैन तबसम्म राजनीतिक दलहरुको एकता कथित र गठजोडमात्रै हुन्छ । राहुल सांकृत्यायनले भनेकै छन् - धागो चुडाइनु हुन्न, चुंडेपछि जोड्दा गाँठो पर्छ, त्यो रहिरहन्छ ।

तेस्रो, एमाले र माओवादीको त्यही विचारहीन तर एकताको प्रयास हो अहिले । हिसाब गरौं, सरकारमा रहेको कम्युनिस्ट दलको एकता प्रयासमा प्रधानमन्त्रीको सरकारी बालुवाटार निवासको दुरुपयोग कति भएको छ ? जनता र देशको पक्षमा लगाउनुपर्ने समय यिनको गन्थनमा कति खेर गएको छ ? वर्ष दिनभन्दा बढी भयो, यिनको सयौं बैठक र खानपीन सित्तैमा पक्कै भएको छैन ? जनताले तिरेको राजस्वको आर्थिक अपव्यय कति भयो होला ? समय, स्रोत र साधनको यस्तो दुरुपयोगको जनतालाई लाभ के ? स्वेच्छाचारी अधिनायकवाद ? यसको पनि प्रमाण छन् ।

कम्युनिस्ट सरकारले यतिबेला जतिपनि कानुनका लागि विधेयक प्रस्तुत गरेको छ सरोकारवालाहरुबाट ती सबै अस्वीकृत र आलोचित छन् । स्वेच्छाचारी भनिएका छन् । सरकार दुई तिहाइको दम्भमा त्यस्तै स्वेच्छाचारी कानुन बनाउने हठमा देखिन्छ । धम्की दिन्छ । सुशासन छैन, भ्रष्टाचार व्याप्त छ, अझ संस्थागत बनाइएको छ । महँगी झन् बढ्दैछ । विधिको शासन छैन, बहुमतको मनपरी छ । सरकारी हस्तक्षेपले सबै निकाय आक्रान्त भएको गुञ्जन व्याप्त छ । पोषित कम्युनिस्ट कार्यकर्ताले बाहेक अरुले सन्तोष लिने ठाउँ कतै छैन । मिडिया काउन्सिल विधेयक होस् कि आमसञ्चार विधेयक, विश्वविद्यालय विधेयक होस् वा खेलकुद सम्बन्धी विधेयक, मानव अधिकार आयोग विधेयक होस् वा द्वन्द्वको पीडा निरुपण गर्ने काम सबैतिर सरकारी प्रयत्न आलोचित छ, तिरस्कृत छ । किन ?

निर्माण व्यवसायी, हवाइ सेवा कम्पनी, उद्योगी व्यपारी र कर्मचारी वा प्रदेश र स्थानीय सरकार सबै पीडित भएको गुनासो गरिरहेका छन् । आआफ्नो वैधानिक अधिकार मिच्न खोजिएको भनिरहेका छन् । व्यापार घाटा बढ्दो छ, लगानी घट्दो छ । बेठेगान वैदेशिक नीतिलाई 'सन्तुलित विदेशनीति'को जामा पहिर्याउने झुठो प्रयास जारी छ । तर सरकारी कम्युनिस्ट सुखी र समृद्धिको राग बाँसुरी बजाउन मस्त छ । कसैका कुराको सुनुवाइ छैन, हुँदैन । जनभावनाको कदर छैन । सुझाव र आलोचना सरकारलाई 'सर्पलाई दूध'जस्तै भएको बुझिन्छ ।सुखी र समृद्धिको नारामा नागरिकको नैसर्गिक अधिकार मास्ने र जनता झुक्याउने प्रयत्न जारी छ । सत्य या समाजको बहुल विचार रोक्ने सरकारी कोसिस घाम जत्तिकै छर्लंग भयो । सरकारी कम्युनिस्टभित्रको गन्थनको मन्थन गर्दा परिणाम पूरै विपरीत छ, निराशाजनक छ । यो कम्युनिस्ट यात्रा दुर्घटित हुने त निश्चितै छ । कारण र परिणाम पछि !

बाह्रखरी डटकमबाट



यार्सा संकलनको लागि रुकुम पूर्वका लेक तथा पाटनहरुमा पुगेका यार्स संकलकहरु । यस क्षेत्रमा रुकुम पूर्व पश्चिमका साथै रोल्पा, जाजरकोट लगायतका सयौं स्थानीयहरु पुग्ने गर्दछन् । तस्वीरः रेखदेख


यस TNT टेक्निकल कलेज
मुसिकोट नगरपालिका-१, रुकुम (पश्चिम)

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**पढाई हुने कोर्षहरु**

| ३ वर्षे कोर्षहरु | | १५ महिने कोर्षहरु |
|---|---|---|
| • General medicine(HA)<br>• Staff nurse, pharmacy<br>• Lab techinican (CMLT)<br>• Dental Hyggienic<br>• Radiography | • Diploma in civil<br>• Diploma in electrical<br>• Diploma in computer<br>• Diploma in electronic<br>• l .sc. Ag., vet<br>• foresty | • C.M.A. ANM<br>• Lab assistant<br>• Sub overseer<br>• Agriculture JTA<br>• Vet JTA. Amin |

**हाम्रा विशेषताहरुः-**

- अनुभवी ख्याती प्राप्त बिषयविज्ञ प्रशिक्षकबाट अध्ययन गराईने ।
- प्रत्येक हप्ताको एक पटक मोडेल टेस्ट गराईने र कमजोर विद्यार्थीका लागि छुट्टै कक्षाको व्यवस्था ।
- विद्यार्थीहरुले चाहेको कलेजमा इन्ट्रान्स दिने व्यवस्था मिलाईने
- विद्यार्थीहरुलाई CTEVT को Scholarship मा नाम निकाल्न सफल भएको ।
- विद्यार्थीहरुलाई सत प्रतिशत नाम निकाल्ने गरि पठन पाठन गराईने ।
- उत्कृष्ट विद्यार्थीहरुलाई Scholarship को व्यवस्था भएको ।
- दलित अपाङ्ग पिछडिएको वर्गलाई विशेष छुट गरिने ।
- English Language /Computer Basic पुर्ण रुपमा निशुल्क सिकाईने
- समुहमा आउने विद्यार्थीलाई विशेष छुटको व्यवस्था भएको ।

***नोट : यस रुकुममै TNT टेक्निकल कलेजमा १५ महिने टेलिकम टेक्निसियन कम्प्युटर अपरेटर र विल्डीङ इलेक्ट्रिसियन सञ्चालन भईरहेको व्यहोरा जानकारी गराईन्छ ।***

**थप जानकारिको लागी**
TNT टेक्निकल कलेज
मुसीकोट न.पा.-१ खलंगा (सानोभेरी एफ.एम. भएको घरमा हाईस्कुल जाने बाटो)
रुकुम (पश्चिम) सम्पर्क : ९८२२८२२८९५ ,९८६९७०७३४० र ९८१०९६९६६५


# अपाङ्गमैत्री संरचनाः कानून छ, कार्यान्वयन हुदैन्



जम्मा १३५ जना, 'ख' बर्गका ४७९ जना, 'ग' बर्गका ६६१ जना, 'घ' बर्गका ४८३ जना र श्रेणीकरण नगरिएका ९८४ जना गरी कुल २ हजार ७ सय ४२ जना अपाङ्गता भएका साविकको महिला तथा बालबालिका कार्यालय रुकुम पश्चिमले सार्वजनिक गरेको तथ्याङ्कले देखाएको छ। तथ्याङ्क अनुसार सबैभन्दा बढी मुसीकोट नगरपालिकामा ६४१ जना रहेका छन् । त्यस्तै आठविसकोट नगरपालिकामा ४३४ जना, चौरजहारी नगरपालिकामा ४८९ जना, सानीभेरी गाउँपालिकामा ३ सय ८६ जना, बाँफीकोट गाउँपालिकामा ३६० जना र त्रिवेणी गाउँपालिकामा ४ सय ३२ जना अपाङ्गता भएका व्यक्ति रहेका छन् । जसमध्ये महिला ११३१ र पुरुष १६११ जना रहेको महिला तथा बालबालिकाका कार्यालयको ०७५ जेठमा सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ।

## यस्तो छ कानूनी व्यवस्था

नेपाल सरकारले सरकारी भवनहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाउनु पर्ने भन्ने ब्यवस्था भवन आचार संहितामा उल्लेख गरिएको छ। नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०६९ फागुन ६ गते स्वीकृत भएको "अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९" मा सरकारी भवन, शैक्षिक संस्था, स्वास्थ्य संस्था, धार्मिक स्थल, कार्यस्थल, सडक, सडक पेटी, यात्रु प्रतिक्षालय, पार्किङ्ग स्थल, मनोरञ्जन स्थल, सम्मेलन केन्द्र, सिनेमा हलजस्ता सार्वजनिक स्थल र सर्वसाधारणलाई खुल्ला गरिएका व्यावसायिक तथा आवासीय भवन, होटल तथा रेष्टुरेण्ट, एटिएम बैंकिङ सेवा जस्ता सार्वजनिक भौतिक संरचनाहरुमा उपयुक्त स्याम्प, लिफ्ट, ढोका, झ्याल, गाइडिङ ब्लक र ब्रेल समेतको व्यवस्था गरी भौतिक संरचनाका साथै अपाङ्गता भएका व्यक्तिका लागि सूचना सेवामा समेत पहुँच अभिबृद्धि गर्ने उल्लेख छ। नेपालको संविधानको धारा १८(३) को प्रतिबन्ध्यात्मक वाक्यांशमा अपाङ्गता भएका व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि राज्यले विशेष व्यवस्था गर्न सक्ने व्यहोरा उल्लेख गरिएको छ। संविधानको धारा ४२ (३)मा अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ।नेपाल पक्ष राष्ट्रभई हस्ताक्षर गरी सकेको अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी राष्ट्रसंघीय महासन्धि, २००६ लगायत सबै अन्तर्राष्ट्रिय मञ्चहरुमा भौतिक संरचना अपाङ्गतामैत्री बनाउने नेपालले लिखित रुपमा प्रतिबद्धता जनाई सकेको छ। अबको भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गतामैत्री बनाउने अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ मा समेत उल्लेख छ। अपाङ्गता भएका व्यक्तिका अधिकार सम्वन्धी ऐन, २०७४ मा अपाङ्गता भएका व्यक्तिहरुलाई सबै सेवा सुविधामा उनीहरुको पहुँच स्थापित गर्न सबै भौतिक तथा सूचना सञ्चारमा समेत अपाङ्गमैत्री बनाउनु पर्ने व्यवस्था छ। अपाङ्गताका सवालहरुलाई यथाशिघ्र सम्बोधन नगरे झन् चुनौती थपिने अपाङ्ग संरचक्षण मञ्चका जिल्ला अध्यक्ष भिमबहादुर डाँगी बताउँछन् । उनी भन्छन्, 'सरकारी वेवास्ताका कारण कानून तथा नीति कार्यान्वयन नभएका हुन् ।'

## कार्यान्वयनमा चुनौति

अपाङ्गमैत्री संरचना निर्माण गर्ने कानूनी व्यवस्था भएपनि कार्यान्वयन भएको छैन् । प्रर्याप्त जग्गाको अभाव, भौगोलिक विकटता र आर्थिक अभावका कारण जिल्लाका सरकारी संरचनाहरु नै अपाङ्गमैत्री नभएको जिल्ला प्राविधिक कार्यालयका इन्जिनीयर पहलबहादुर पुनले बताए । उनले भने, 'जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमको नवनिर्मित भवनको पहिलो तलासम्म जसोतसो अपाङ्गमैत्री भएपनि अन्य ठाउँमा अपाङ्गमैत्री छैनन् ।' गाँउपालिकाको कार्यालय तथा नगरपालिकाको कार्यालयहरुले नक्शा पास गर्दायो कुराको प्रभावकारी रुपमा कार्यान्वयन गरेको नदेखिएको इन्जिनियर पुनले बताए। सरकारी तवरबाट भौतिक पूर्वाधार निर्माण गर्नका लागि बनाइने अधिकांश नक्सा तथा लगत इष्टिमेटहरु समेत अपाङ्गमैत्री बन्न सकेका छैनन् । जबसम्म अपाङ्गता भएका व्यक्तिहरुका लागि भौतिक संरचना अपाङ्गतामैत्री बनाउन सकिदैन तबसम्म उल्लेखित सबै प्रावधानहरु कार्यान्वयन गर्न कठिन हुने इन्जिनियर पुनको भनाई रहेको छ। अपाङ्गता भएका व्यक्तिहरुको सेवा सुविधा प्राप्तिका लागि पहिलो आवश्यकता अपाङ्गतामैत्री भौतिक संरचना निर्माण गर्नु नै रहेको अपाङ्ग भएका व्यक्तिहरु शेरबहादुर हिताङ्गी बताउँछन् । उनी भन्छन्, 'अपाङ्गमैत्री भौतिक पूर्वाधार बिना सेवाको कल्पना समेत गर्न सकिदैन ।' २०७५ भदौ २२ गते महिला, वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयले सबै मन्त्रालय र अन्य सरोकारवाला निकायहरुमा भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री निर्माण गर्न परिपत्र गरेपनि कार्यान्वय पक्ष फितलो नै देखिन्छ। तर रुकुम पश्चिमका झण्डै तीन दर्जन बढी सरकारी कार्यालय, ६ वटै स्थानीय तह मातहतका कार्यालय, २ सय ९८ वटा विद्यालय, २७ वटा स्वास्थ्य संस्था, होटेल, रेष्टुरेष्ट, सामुदायिक भवन लगायतका सरकारी संरचनाहरु अपांङ्गमैत्री छैन् ।

# रेखदेख साप्ताहिक राशिफल

२७ जेठ-१ असार २०७६
10-16 June 2019

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं.** ९८४७८४४०९५

**मेष :** बोल्दा बिचार गरेर बोल्नु होला । आत्मा बिश्वास जोश जागँरका साथ अगाडि बढदा सफलता रहनेछ । काम गर्ने क्रममा आफन्त तथा अग्रज व्यक्तिहरु सग भेटघाट हुनेछ । सोच बिचारका साथ अगाडि बढदा सफलता छ । अरुको भरमा पर्दा कार्यमा बाधा रहने समय देखिन्छ । बिवादमा नफस्नु राम्रो होला ।

**वृष :** सोचेको कार्यमा केहि ढिलाई रहने समय देखिन्छ। बिगतमा बनाएका योजना तथा कार्यहरु स्थगित रहने देखिन्छ । स्वास्थ्यका लागि खानामा बिशेष ख्याल गरेर अगाडि बढनु होला । आम्दानी थोरै खर्चमा बृद्धि रहने समय देखिन्छ। कुनै पनि जानकारी लिदा सावधानी भएर अगाडि बढदा सफलता छ ।

**मिथुन :** आफन्त तथा छरछिमेकिमा तालमेल मिल्ने छैन । समस्या लाई समाधान गर्ने समय छ । आर्थिक अभाव पर्ने देखिन्छ । बन्नै लागेको कामहरु रोकावट हुन सक्ने भएकोले पुन प्रयास गर्नु होला। साथीहरु सग मध्ययम रहला। यात्राको अवसर मिल्नेछ । पछि फाईदा हुने कार्यमा लगानि गर्ने समय रहेको देखिन्छ ।

**कर्कट :** व्यापार व्यवसायमा फाईदा रहने देखिन्छ। आम्दानीका कार्यहरु बढदै जानेछन । दैनिक कार्यमा ठिकै रहनेछ । सोचेको कार्यमा फाईदा नै रहने देखिन्छ। घर परिवारका आवश्यकता पुरा गर्ने समय रहेको देखिन्छ। मेहनत बाट कार्यमा सफलता रहनेछ । तपाईको कामको राम्रो प्रतिफल मिलनेछ । समय छ ।होला ।

**सिंह :** अरुको भरमा पर्दा कार्यमा समस्या आउला । कार्यको दौडमा अग्रज व्यक्तिहरु सग भेटघाट हुनेछ। समय लाई व्यवस्थापन गर्न नसक्दा समस्या आउने देखिन्छ । आफन्त बाट धोका छ । कामको जिम्मेवारी बहन गर्नुपर्ने समय देखिन्छ । अवसरका लागि केहि जटिल परिस्थितिको सामना गर्नुपर्ने देखिन्छ ।

**कन्या :** आर्थिक लाभ रहने कार्यमा लाग्ने समय देखिन्छ । अरुको काममा समय दिनु पर्नेछ। स्वास्थ्यमा बिशेष ख्याल गर्नु होला। सामाजिक कार्यमा समय दिनु पर्ने देखिन्छ। सोचेको काम बन्ने समय छ। मेहनत बाट कार्यमा सफलता आउला । सहयोगीको साथ र सहयोग रहनेछ। तपाईको कामको राम्रो प्रशंसा हुनेछ ।

**तुला :** कुनै पनि काम गर्दा सावधानी भएर अगाडि बढने समय छ। प्रयास बाट समस्याहरु समाधान गर्ने समय छ । गोपिनियतामा बिशेष ख्याल गर्नुहोला। नयाँ सोचेको कार्यमा सफलता रहनेछ। कुनै पनि कार्य गर्दा सावधानी भएर अगाडि बढनु होला । स्वास्थ्यमा केहि प्रतिकुलता रहने समय देखिन्छ ।

**वृश्चिक :** आम्दानीका स्रोतहरु बढने छन। प्रेम तथा मित्रता क्षेत्रमा अवश्य सफलता आउनेछ । व्यवसायिक यात्राको अवसर जुटने समय देखिन्छ। आफन्तको साथ र सहयोग मिल्नेछ। आधारभुत सामाग्री जोडने योग छ। आर्कषक पोषक लगाउने मन लाग्नेछ। अवसरहरु थुपै आउनेछन अवसर लाई प्रयोग गर्ने प्रयास गर्नुहोला ।

**धनु :** अनाबश्यक खर्चमा बृद्धि रहने समय छ। प्रयास गर्दा कार्यमा सफलता रहने समय देखिन्छ । समय परिस्थिति केहि प्रतिकुल रहनेछ । स्वास्थमा बिशेष ख्याल गरेर अगाडि बढनु होला। आफनो कार्यमा सफलता पाउन संघर्ष गर्नुपर्ने देखिन्छ। तपाईको कार्यमा समस्या दिनेहरु बाट सावधान रहनु होला।

**मकर :** तपाईको मेहनत बाट कार्यमा सफलता आउला। सन्तान पक्ष बाट साथ सहयोग रहने समय देखिन्छ। प्रतिस्पर्धामा सफलता रहनेछ। व्यापार व्यवसायमा मध्ययम रहनेछ । अरुलाई पछि पार्ने समय रहेको देखिन्छ। सोच बिचार गरेर कार्यमा लाग्दा सफलता आउने छ। नयाँ जानकारी आउने समय छ।

**कुम्भ :** आफनो योजना गोप्य राखेर अगाडि बढनु होला । सोच बिचार गरेर अगाडि बढदा कार्यमा सफलता रहनेछ । मेहनेति लाई काममा फाईदा नै छ । घर परिवारको साथ सहयोग अवस्य मिल्ने समय रहेको देखिन्छ। बोल्दा बिचार गरेर बोल्नु होला । अनाबश्यक बोल्ने बानीले कार्यमा समस्या आउला ।

**मीन :** बिगतको समस्याले सताउने समय रहेको देखिन्छ। घर परिवारमा केहि असमझदारी बढने समय छ। कुनै पनि काम लाई व्यवस्थापन मिलाएर गर्नु राम्रो होला । दैनिक काम ठिकै छ। तपाईको अल्छि गर्ने बानीले गर्दा कार्यमा ढिलाई हुनेछ । समय परिस्थिति लाई बुझेर अगाडि बढने समय रहेको छ ।

# यसरी हुन्छ भूमे पर्वको फुल टिप्ने यात्रा



प्रभात गुरुङ



मगर समुदायमा भूमे नाँचको रौनक छाएको छ । एक महिना लामो यो पर्वको आफ्नै मौलिकता छ। जल स्थल र वायुबाट हुन सक्ने क्षतिलाई रोक्न भूमि देउतालाई खुसि पार्न यो पर्व मनाइन्छ भन्ने जनविश्वास छ। भूमिको पुजा नगरिएमा भूमि देउता रिसाएर ठूलो अनिष्ट निम्त्याइदिने भएकाले यो पर्व प्रत्येक वर्ष मनाउने गरिन्छ । यतिबेला गाउँमा भद्र भलाद्मीहरू गाउँको पुराना हिसाब किताबहरू जम्मा गरि नयाँ योजनाहरू, कानुनहरू निर्माण गर्न जुतिरहेका छन्। जेठ १ गते साँझबाट सुरु हुने यो पर्व जेठ १५ गतेसम्म एक दिन बिराएर नाँच्छन् । १५ गते साँझ देखि मसान्त हुनु दुई दिन अगाडि सम्म धुमधामले नाँच्ने गर्छन् । देउताको नाममा रक्सी छिट्टा चढाएपछि दमाईहरूबाट पञ्चेबाजा बजाउने हुन्छ । त्यसपछि विधिवत रुपमै भूमे नाँच फुकुवा हुन्छ। विभिन्न १२ चाला नाँचको यो शास्त्रीय नाँच १२ प्रकारकै बाजा-गाँजामा नाचिन्छ । जेठको मसान्त हुनु अगाडि देखि यसरी हुन्छ रमाइलो भूमे नाँचको फुल टिप्ने यात्रा।

जेठ महिनाको मसान्तको दिन गाउँका ठुलाहरूसँग सल्लाह लिई फुल टिप्न जाने टोली चौतारामा जम्मा हुन्छन् । चौतारामा नाँचिसकेपछि पुनः भूमे नाच्ने ठाउँमा नाँच्न जान्छन्। भूमे नाँच्ने ठाउँलाई “नाची“ भनिन्छ। चौतारा र नाचीमा विधिवत रुपमै १२-१२ चाला नाचिसकेपछि अब बुकी जाने हुन्छ। बुकी नपुग्दासम्म एउटै मात्र बाजा बजाउनु पर्छ जसलाई फुल टिप्ने बाजा भनिन्छ। नाँच्दै नाँच्दै उकालो लागेको टोलीले ठाउँ-ठाउँमा पन्थ्याउली मान्दै जान्छन् । पन्थ्याउली भनेको मगर खाम भाषामा प्राकृती देउताहरूलाई खुसि पार्न फुल लगायत मन पर्ने चिजहरू चढाउन बनाइएको ढुङ्गाको गारो लगाइएको ठाउँ हो। जसको उद्देश्य यात्राको सफलताका लागि देउताहरूसँग मागिने एक प्रकारको वर जस्तै हो । दिन भरि एकै प्रकारको बाजा बजाउँदै विभिन्न पन्थ्याउली मान्दै जब साँझ हुन्छ। टोली एक ठाउँ बाँस बस्छन् जहाँ सोतरले हानाहान गरि रमाइलो गर्छन् । त्यस ठाउँलाई “सला राल्सिओ“ भनिन्छ। सोतरलाई स्थानीय भाषामा “सला“ भनिने र त्यही सोतरले हाना-हान गर्ने भएर नै त्यस ठाउँलाई सला राल्सिओ भनिएको हो। त्यहाँ रातभरि विभिन्न समूह-समूह भएर दोहोरी गाउँदै रमाइलो गरिन्छ । बिहान सबेरै उठेर एक जना दमाई र एक जना जेठी पर्याल पुन मगर बाट धुप बाल्न नोगोपो थरकी माथि मुलपानीमा जान्छन्। अरु टिम पनि पछिपछि तँछाडमछाड गर्दै माथि जान्छन् र फुल टिप्छन् । पहिला पहिला फुल टिप्ने फुलबारीहरू आ-आफ्नो थरमा विभाजन गरेर राखिएको हुन्थ्यो । एक थरका मान्छेहरू अर्को थरका मान्छेहरूको फुलबारीमा फुल टिप्न जाँदैन थिए। अहिले भने मिलेर सबैले जहाँ पनि टिप्ने गर्छन् । फुल टिपिसकेपछि गाउँभरिका नाँच्न एउटा थरकी (चौपारी) हुन्छ । त्यहाँ जम्मा भई एउटा मुर्ला गाडेर नाँच्छन्। त्यसपछि आआफ्नो थरको पनि छुट्टाछुट्टै चौपारीहरू हुन्छन्। त्यहाँ पनि मुर्ला गाडेर नाँच्न जान्छन् । कम गएका मान्छेहरू अरुको चौपारी पनि घुमाएर नाँच्छन् ता कि आफ्नो चौपारीमा तिनीहरू पनि नाचिदिनु पर्छ। यसरी एक अर्कालाई साथ दिन्छन्। नाँचेर सकिएपछि नास्ता गरेर फर्किने तयारी गर्छन। फर्किंदा महिला पुरुष छ्यासमिस मिलेर पछ्यौंरी गासेर समाउदै आउछन् । पुरुषले बुकीमा फुल्ने फुलहरूको नाम लिँदै र महिलाले बेंसीमा फुल्ने फुलहरूको नाम लिँदै “न्याहो“भन्दै गीत गाउँदै फर्किन्छन्। आउनेबेला बाटोमा पर्ने हरेक पन्थ्याउलीमा मुर्ला गाड्दै धजा झुन्डाएर नाच्दै आउँछन् । आउँदा तेस्रो पन्थ्याउली आइपुग्दा बुढा पाका उमेरका कहिलै फुल टिप्न नगएकाहरूलाई बोकेर पन्थ्याउली घुमाइदिन्छन् । तिनीहरुले आफ्नो स्वैच्छिक रुपमा पैसा समुहमा दान गर्छन् । त्यसलाई समुहको खर्चमा जोड्छन् । त्यसैगरी प्रत्येक पन्थ्याउलीमा नाच्दै नाच्दै जब अन्तिम पन्थ्याउलीमा पुग्छन् ।

आफ्ना चेलीबेटीले दाजुभाईलाई फुल लगाइ आशीर्वाद आदान प्रदान गर्छन् । त्यसपछि पनि पछ्यौरी गाँसेर समातेर नै गाउँ झर्छन् । बाटोमा आउँदै गरेको देखेपछि गाउँका ठुला बडा र आफ्ना घरका मान्छेहरुले नास्ता लगिदिने चलन छ। भूमे नाँच्ने ठाउँ नाची आइपुग्दा दिदी बहिनी चेलीबेटीहरू नास्ता खाजा, रोटी र रक्सी आदि लिइ त्यहाँ पुग्छन् । दिदीबहिनी र त्यहाँ खाजा नास्ता लगिदिनेहरूलाई फुल टिप्न गएकाहरूले फुल लगाइदिन्छन् । र आशीर्वाद साटासाट गर्छन् । नास्ता गरिसकेपछि झोलाहरू त्यहीं राखेर पछ्यौंरा समाउँदै पुरै गाउँ घुमाइ फेरि सोही ठाउँमा आउँछन् । फुल टिप्न गएको त्यो समूह नछुटिएर सो दिनको साँझ एकै ठाउँमा बस्छन् । पुरुषहरू मासुको बन्दोबस्त गर्छन् भने महिलाहरू रक्सी, चामल लगायत जम्मा गरि एकै ठाउँमा खाना खाइ रमाइलो गर्छन् । भोलिपल्ट अर्थात असार १ गते भूमे नाच्ने ठाउँमा गई नाँच्छन् । त्यो दिन ठूलो मेला लाग्छ । गाउँका स्थानीय बुद्धिजीवी र सर्वसाधारण दर्शकहरूको उपस्थितिले मेलाको रौनक बढाइदिएको हुन्छ । विभिन्न प्रकारका नाँचहरू नाँचिसकेपछि बलपुजाका लागि समय हुन्छ । त्यहाँ एउटा ठूलो साँढे भेडा स्थानीय भेडा गोठालेहरूले उपलब्ध गराएका हुन्छन्। पुजाका लागि जैसी धामीले ग्रह दशा हेरेर दुईनजा मान्छे चुनिसकेको हुन्छ। एक जनाले तानेर लिन्छन् अर्कोले लखेट्दै जान्छ। गाउँको बिचबाट लखेट्दै लगिने उक्त साँढे भेडा माथि गृहिणी महिलाहरूले घरका फोहर, धुँसो, खरानी र दशैंमा लगाएको दैलामाथिको टीका फाल्दिन्छन्। यो दृश्य हेर्नेहरूको लागि पनि एउटा मनोरम दृश्य हुन्छ। ती पुरानो सबै चिज फालेर नयाँ सुरुवात गरिने भएकाले यहाँका बासिन्दाले यो पर्वबाट आफ्नो नयाँ वर्ष सुरु भएको ठान्छन्। पुजा गर्ने ठाउँमा पुर्‍याएपछि स्थानीय सेर्पाली कामीले उक्त पुजा गर्ने चलन छ।

(स्थानीय मदन बुढासँगको कुराकानीको आधारमा तयार गरिएको हो।)


# जिल्ला समन्वय समितिको कार्यालय

## रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल

मिति : २०७६/०२/२७

विषय : सूचना

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशको स्विकृत कार्यक्रम बमोजिम यस कार्यालय र जिल्ला युवा समितिले सयुक्त रुपमा उद्यमशिलता विकास गरी आत्मनिर्भर जनशक्तीको विकास गर्ने उद्देश्य र दलित समुदायको परम्परागत शीपलाई स्तरोन्नती गर्न सहयोग गर्ने र उक्त शीपलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्न उद्यमीहरुलाई बस्तुगत सहायता प्रदान गर्ने कार्यक्रम रहेको हुँदा तपशिल बमोजिम योग्यता पुगेका उद्यमीहरुले सुचना प्रकाशीत भएको मितिले मिति २०७५/०२/ देखी ७ दिन भित्र प्रस्ताव पेश गर्नहुन सवैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ। अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्टसम्म प्रस्ताव पेश गर्न सकिनेछ।

**तपशिल :-**

**१. सीप सिकेकाहरुलाई स्तरिय प्रबिधी हस्तान्तरण कार्यक्रमका लागि**

क. रुकुम पश्चिम जिल्लामा स्थायी वसोबास भएका उद्यमशिलता तालिममा सहभागी कम्तिमा सम्वन्धित निकायमा दर्ता भई विगत २ बर्षदेखी आफैले व्यवसाय गर्दै आएका व्यवसायी हरुको व्यवसाय स्तरउन्नती गर्नको लागी वस्तुगत सहायता उपलव्ध गराउन सकिने छ।
ख. यस आ.व. भित्र सञ्चालन भएका तालिममा सहभागी भई २ महिनाभित्र व्यवसाय सञ्चालन गर्न योजना भएका व्यवसायीलाई उपलव्ध गराउन सकिने छ।
ग. रोजगारी सुनिश्चितताको जमानत लिई सञ्चालन भएको तालीमको सहभागीलाई सहायता उपलव्ध गराईने छैन।
घ. प्रस्तावकले कम्तीमा २० प्रतिशत रकम स्वलगानी गर्ने प्रतिवद्धता व्यक्त गर्नुपर्ने छ।
ङ स्थानीय तहको सिफारिस पेश गर्नुपर्नेछ।
च. शीप सिकेको प्रमाणपत्र पेश गर्नपर्नेछ।
छ. आफुले गरिरहेको व्यवसाय वा गर्न चाहेको ब्यवसाय योजना खुलाउनु पर्नेछ।
ज. आफुले लगानी गर्ने स्रोतको व्यवस्थापन के कसरी गर्ने खुलाउनु पर्नेछ।
झ. कस्तो प्रकारको वस्तुगत सहायता आवश्यक पर्ने हो प्रस्तावमा खुलाउनुपर्नेछ।

**२. दलित समुदायको परम्परागत शीपलाई स्तरोन्नती गर्न सहयोग कार्यक्रमका लागी**

क. रुकुम पश्चिम जिल्लामा स्थाई वसोबास भएको हुनुपर्ने।
ख. परम्परागत सिप तथा कला संस्कृति भएको आधार खुलाउने स्थानीय तहको सिफारिस।
ग. आफुले गरिरहेको व्यवसाय गर्न चाहेको व्यवसायको योजना।
घ. आफुले लगानी गर्ने स्रोतको व्यवस्थापन के कसरी गर्ने खुलाउनुपर्ने।
ङ. प्रस्तावकले कम्तीमा २० प्रतिसत रकम स्वलगानी गर्ने प्रतिवद्धता व्यक्त गर्नुपर्ने छ।
च. कस्तो प्रकारको वस्तुगत सहायता आवश्यक पर्ने हो प्रस्तावमा खुलाउनुपर्नेछ।

जिल्ला समन्वय समितिको कार्यालय रुकुम पश्चिम


# साढे तीन करोड लगानीमा सल्यानका कृषि सडक मर्मत

| कृषि सडकको नाम | कुल लागत |
|---|---|
| बालुवा–छिन्चु | रु. ३० लाख |
| ओराल–घारीघार | रु. २८ लाख ७५ हजार |
| त्रिबेणी–ढोरचौर | रु. ३० लाख |
| दमाचौर–जलेखर्क | रु. ३० लाख |
| दहवन–द्धारपानी | रु. २८ लाख ७५ हजार |
| देवस्थल–चिउरा | रु. ३० लाख ४४ हजार |
| बाँगेलाखुरी–हिमचौर | रु. २९ लाख ४४ हजार |
| बाबियाचौर–बस्नेउरा | रु. ३० लाख |
| मदानखारा–न्याउली | रु. ३० लाख |
| मौलहाले –त्रिबेणी | रु. १८ लाख ५६ हजार |
| रामेखोला–ढोरपिपल | रु. ३० लाख |
| शंखमुल–लेखपोखरा | रु. ३१ लाख ८४ हजार |

बुद्धिमान पुन/रेखदेख
सल्यान

कृषि सडक निर्माणमा ३ करोड रुपैँया बढी खर्च भएको छ । कृषि तथा फलफूल खेतीका लागी प्रख्यात मानिएको सल्यानमा कृषि सडक निर्माणको लागी ३ करोड ४७ लाख ७८ हजार रुपैँया खर्च भएको हो । भूमि ब्यबस्था कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशको अनुदानमा उपभोक्ता, सहकारी, समुह मार्फत जिल्लामा १२ वटा ग्रामिण कृषि सडक निर्माण तथा मर्मत गरेका हुन् ।

प्रदेश सरकारको रु.२ करोड ९० लाख रुपैंया अनुदान र स्थानियको लागत सहभागिता ५७ लाख ७८ हजार गरेर ३ करोड ४७ लाख ७८ हजार रुपैंया खर्च गरेर ग्रामिण कृषि सडक निर्माण तथा मर्मत गरिएको कृषि ज्ञान केन्द्र रुकुम पश्चिम, कार्यक्षेत्र सल्यानले जनाएको छ । जिल्लाका बिभिन्न ग्रामिण क्षेत्रहरुमा उत्पादन गरिएको कृषि सामाग्री बजार सम्म लैजान समस्या भएको बेला यस कृषि सडकले महत्वपूर्ण सहयोग गर्ने कार्यालयका प्राबिधिक सहायक रेशम कुमार बस्नेतले बताए । उनले भने, आधा भन्दा बढी ग्रामिण कृषि सडक आयोजना निर्माणको काम सम्पन्न भएको छ ।

यस्तै काम सम्पन्न गरेका उपभोक्ता समिती, सहकारी, समुह आदी रकम भुक्तानीको प्रक्रियामा रहेका छन् । दश वटा कृषि सडक निर्माण तथा मर्मतको लागी थप २ करोड ७ लाख रुपैँया थप आएको बस्नेतले जनाए । कालीमाटी बालुवा छरछरे हुदैं छिन्चु कृषि सडकमा अनुदान र लागत सहभागीता गरेर ३० लाख रुपैंया छुट्याईएको हो ।

यस्तै ओराल जुगेखोली हुदैं घारीघार कृषि सडकमा २८ लाख ७५ हजार, त्रिबेणी लुहाम सल्ले सिम्क हुदैं ढोरचौर कृषि सडकमा ३० लाख, दमाचौर मयानी जलेखर्क कृषि सडकमा ३० लाख, दहवन गैरागाँउ हुदैं द्धारपानी कृषि सडकमा २८ लाख ७५ हजार, देवस्थल माल्पे हुदैं चिउरा कृषि सडकमा ३० लाख ४४ हजार रुपैँया सडक निर्माण तथा मर्मतमा खर्च भएको हो ।

यस्तै बाँगेलाखुरी सुवाखोला शारदाखोला हिचौर कृषि सडकमा २९ लाख ४४ हजार, बाबियाचौर कुपिण्डे हुदैं बस्नेउरा कृषि सडकमा ३० लाख, मदानखारा पैया डाँडा भदालेखोला न्याउली कृषि सडकमा ३० लाख, मौलहाले बडाचौर थापाचौर हुदैं त्रिबेणी कृषि सडकमा १८ लाख ५६ हजार, रामेखोला कजेरी ओखेनी गिठाचौर हुदैं ढोर पिपल कृषि सडकमा ३० लाख र शंखमुल दारिमज्यूला मिलनचोक हुदैं लेखपोखरा जोड्ने कृषि सडकमा ३१ लाख ८४ हजार रुपैँया ग्रामिण कृषि सडक निर्माण तथा मर्मतमा खर्च भएको हो ।

बिगतमा भरपर्दो कृषि सडक नहुदाँ स्थानिय रुपमा उत्पादित कृषिजन्य बस्तुको निकासीमा समस्या भएपनि सडक निर्माण भएपछि यहाँ उत्पादित कृषिजन्य बस्तु, सुन्तला, अदुवा, बेसार , खसीबोका निर्यात गर्न सजिलो हुने स्थानियले बताएका छन् ।

जिल्लाका विकट वस्तीमा कृषि सडक निर्माण भएपछि किसानहरु खुसी बनेका छन् ।

६ मिटर चौडाइ भएको फराकिलो सडक गाउँमा निर्माण भएपछि असाध्यै खुसि लागेको कपुरकोट गाउपालिका १ गैरिवाङका किसान धनविर रानाले बताए । वेमौषमी तरकारि खेती गर्ने करिव २ सय ५० बढी घरधुरिका किसानलाइ यस सडकले प्रत्यक्ष लाभ पुऱ्याएको उनको भनाई रहेको छ ।


## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको विगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

भुमे गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७६ जेठ २७ सोमबार । 10 June 2019 Monday
हामी जे देख्छौं, त्यही लेख्छौं
स्वास्थ्य ५
www.rekhadekh.com

# बच्चालाई ज्वरो आउँदा के गर्ने, के नगर्ने ?

अधिकांश अवस्थामा सर्पदंश खतरनाक हुन्छन् । सर्पले टोकेको स्थानमा पीडा हुने, सुन्निने हुनुका साथै तन्तुहरुलाई क्षति पुऱ्याउँछन् । यसका साथै आन्तरिक रक्तस्राव पनि गराउँछन्। अमेरिकी चिकित्सकले सर्पले टोक्दा के गर्ने र के नगर्ने भन्ने विषयमा केही सल्लाह दिएका छन् ।



एजेन्सी- गर्मी महिनामा सर्पदंशका घटना निकै बढ्छन्। खासगरी नेपालको तराईं भेगमा सर्पदंशका घटना बढी हुन्छन्। अमेरिकामा हरेक वर्ष ८ हजार मानिसहरु सर्पले टोकेर अस्पताल पुग्छन्। तीमध्ये ५ जनाको मृत्यु हुने गरेको छ ।

अधिकांश अवस्थामा सर्पदंश खतरनाक हुन्छन् । सर्पले टोकेको स्थानमा पीडा हुने, सुन्निने हुनुका साथै तन्तुहरुलाई क्षति पुऱ्याउँछन् । यसका साथै आन्तरिक रक्तस्राव पनि गराउँछन्। अमेरिकी चिकित्सकले सर्पले टोक्दा के गर्ने र के नगर्ने भन्ने विषयमा केही सल्लाह दिएका छन् ।

**के गर्ने ?**

तत्काल इमर्जेन्सीमा गइहाल्नुपर्छ। टोकेको त्यति विषालु नभएपनि टिटानस र केही गम्भीर ब्याक्टेरियल संक्रमणको खतरा हुनसक्छ । सकेसम्म टोकेको स्थानलाई अलि अलि भएपनि चलाउनुपर्छ, यसले विष अलि ढिलो फैलन मद्धत गर्छ ।

सर्प कस्तो थियो भन्ने पनि याद गर्नुहोला ।

यसले चिकित्सकलाई उपचारमा सहयोग पुग्नेछ। सकेसम्म कुन स्थानमा टोकेको थियो भनेर पनि भन्नुहोला । टोकेको समय पनि ख्याल गर्नुहोला । यसले कति समयअघि टोकेको थियो भनेर उपचार गर्न सहयोग मिल्छ । कुनै गहना छ भने सुन्निनु भन्दा पहिल्यै निकाल्नुहोला ।

आवश्यक पर्छ भने दुखेको कम गर्न टाइलेनोल (पारासिटामोल) लिनुहोला ।

सर्पदंश उपचार केन्द्रको नम्बर सधैं साथमा राख्नुहोला ।

**के नगर्ने ?**

सर्पलाई समात्ने या मार्ने प्रयास नगर्नुहोला। सर्पले फेरि टोक्न सक्छ । टोकेको स्थानमा चुस्ने प्रयास नगर्नुहोला । सर्पको विष मुखबाट गयो भने तपाईंका लागि अर्को खतरा हुनेछ ।

टोकेको क्षेत्रमा बेस्सरी नबाँध्नुहोला। टोकाईको पीडा बिर्सन रक्सी सेवन नगर्नुहोला। बरु यसले विष चाँडो फैलन सहयोग गर्छ ।

टोकेको ठाउँमा चिसो, आइस, तातो या कुनै पनि खालको मल्हम नलगाउनुहोला ।

एस्पिरिन, ब्रुफेन या अन्य खालको पेनकिलर नलिनुहोला । यस्ता पेनकिलरले रगत पातलो बनाउँछ। टोकेको स्थानमा काटेर रगत झार्ने प्रयास नगर्नुहोला, यसले शरीरको तन्तु नष्ट गर्छ ।

# शैक्षिक गुणस्तर सुधारको लागि विद्यालय सक्रिय

**प्रभात गुरूङ/रेखदेख**

**लुकुम**

सिद्धचौर माद्यमिक विद्यालयले यस शैक्षिक वर्ष २०७६/०७७ का लागि बाल विकासलाई विशेष प्राथमिकतामा राखेको छ । रुकुम पूर्वको भुमे १ मा रहेको उक्त विद्यालयले शैक्षिक गुणस्तर सुधार गर्न यस्तो पहल गरेको हो। शिक्षाको गुणस्तर खस्किँदै गएको गुनासो चौतर्फी रुपमा बढेपछि विद्यालयले सो कदम चालेको हो ।

उक्त बाल विकास कक्षा सञ्चालनका लागि दुईजना तालिम प्राप्त शिक्षिका हरूको पनि व्यवस्था गरि सकिएको विद्यालयका प्रधानाध्यापक रामबहादुर पुनले जानकारी दिएका छन् । मोन्टेश्वरी विधीबाट पढाइ सञ्चालन हुने सो कक्षाका लागि सुरुमा सामाग्री जुटाउन पनि रकम अभाव भएको जनाएको छ । अहिले विद्यार्थीलाई प्रोत्साहन दिनका लागि विद्यालयको आन्तरिक खर्चबाट नै दिवा खाजाको व्यवस्था गर्न लागिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जीतमान पुनले बताए। खर्चका लागि रकम अपुग भए विभिन्न स्रोतहरु खोजी गरिने पनि उनको भनाई रहेको छ ।

शैक्षिक गुणस्तर खस्किँदै गएको, अभिभावक र शिक्षक बिच दुरी बढ्दै गएकाले गुणस्तर शिक्षाका लागि तल्लो कक्षाबाटै सुधार्दै लैजानुको बिकल्प नै छैन ।अहिले अभिभावकहरू शैक्षिक गुणस्तर खस्कनुमा विद्यालय नै दोषी रहेको भन्दै विद्यालयबाट निराश भएका छन् । यसका लागि पनि गुणस्तरिय शिक्षामा जोड दिई पुनः अभिभावकलाई जागरुक बनाउने लक्ष्य रहेको अध्यक्ष पुनले बताए। । सबै विद्यार्थीहरूलाई अनिवार्य अतिरिक्त शिक्षण गराइ शिक्षाको गुणस्तर सुधार गरिनेछ ।

‘सामाजिक परिवर्तनका लागि राष्ट्रको पहरेदार’

**रेडियो गेमी त्रिवेणी एफ.एम.९४.३**

बिहान ५ बजेदेखि राती १० बजेसम्म सूचना, समाचार र संगितको साथी सधै सुन्ने गरौ । साथै रेडियोमा सूचना समाचार र विज्ञापनको लागि सम्पर्क गनुहोला ।

**थप जानकारीको लागी**

रेडियो गेमीत्रिवेणी एफ.एफ.

dl; sf] gkf=! ?sd kmf]g g=)**-५३०२५०

१८६६१६६५२२
१८०३५०८८५२

**प्रो.नवराज ओली**

**निराजन गार्मेन्ट एण्ड सप्लायर्स**

मुसिकोट नगरपालिका १ कालिका मन्दिर अगाडी
रुकुम (पश्चिम)



हामीकहाँ विभिन्न किसिमका बोर्डिङ्ग, स्कुलका ड्रेस, गेमसर्ट, ट्र्याक सुट, लेडिज एण्ड जेन्स जकेट सर्ट,टिसर्ट, टाइबेल्ट, सुइटर, ब्याग, स्कुल ब्याग लगायतका विभिन्न किसिमका आधुनिक कपडाहरु निर्माण गरिन्छ ।

## जनहितमा जारी सन्देश

रुकुम जिल्ला २०७१ साल पौष ७ गते नेपालको १८ औं खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको छ । भने सन् २०२० सम्ममा रुकुमको सम्पूर्ण गाउँपालिका र नगर पालिकाका साथै जिल्लालाई नै पूर्ण सरसफाई घोषणा गर्ने लक्ष्य रहेको हुँदा सम्पूर्ण रूकुम जिल्लाबासी दाजुभाई, दिदी बहिनीहरूमा तपशिलमा उल्लेखित पूर्ण सरसफाईका ६+१ सूचकहरु पुरा गरी साविकका गाविस तथा हालका वडा तथा गाउँपालिकाहरूलाई पूर्ण सरसफाईयुक्त घोषणा अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल :**

१) योजना तर्जुमा तथा व्यवस्थापन
२) चर्पीको समुचित प्रयोग (घरायसी, संस्थागत र सार्वजनिक)
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने (घरायसी, संस्थागत र सार्वजनिक)
४) सुरक्षित पानीमा पहुँच तथा प्रयोग
५) सुरक्षीत खानाको प्रयोग
६) घरायसी एवं संस्थागत सरसफाई
७) वातावरणीय सरसफाई

**डिभिजन प्रमुख**
**खानेपानी तथा सरसफाई डिभिजन**
**कार्यालय रुकुम (पश्चिम)**

## ब्यक्तिगत घटना घटेको ३५ दिन भित्रै दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ । स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ । त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं । साथै विवाह, बसाईसराई, मृत्यु र सम्वन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

**सानीभेरी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**



रुकुम पश्चिमको सल्ले विमानस्थल दुई हप्ताको लागि हवाई सेवा बन्द गरिएको छ। विशेषगरी पाइलटहरु तालिममा गएको कारण जेठ २३ देखी असार ७ सम्म दुई हप्तालाई हवाई सेवा बन्द गरिएको हो । असार ९ गतेबाट पुनः सेवा सुचारु हुने नागरिक उड्यन प्राधिकरण सल्ले रुकुमले जानकारी दिएको छ । तस्वीर : फाईल

# फोनमा "हेल्लो" भन्ने चलन कसरी चल्यो ?

फोन उठाउने बित्तिकै पहिलो शव्द हुन्छ : हेल्लो। त्यसपछि मात्र फोन गर्ने मानिससँग बाँकी कुराकानी हुन्छ । आखिर फोनमा किन र कसरी हेल्लो भन्ने चलन आयो होला ? यो सबैको चासोको विषय हुन सक्दछ । यस विषयमा अनेक प्रकारका दाबीहरु छन्। तर त्यसमध्ये एउटा भरपर्दो तथ्य चाहिँ यस्तो छ ।

टेलिफोनका आविष्कारक हुन् अलेक्जेन्डर ग्राहम बेल । १० मार्च १८७६ मा उनले टेलिफोनको आविष्कार गरी पेटेन्ट लिए। फोनको आविष्कार गरेसँगै उनले सबैभन्दा पहिले आफ्ना मित्र वाट्सनलाई सन्देश प्रेषित गर्दै भने : श्री वाट्सन यहाँ आऊ । मलाई तिम्रो खाँचो पर्यो । ग्राहम बेलले फोनमा हेल्लो होइन Ahoy शव्द बोलेका थिए । टेलिफोनको प्रयोग आम रुपमा हुन थालेसँगै मानिसहरुले फोनमा कुरा गर्दा सुरुमा बोल्ने शव्द हुन्थ्यो : Are you There ? अर्थात् मलाई सुनेका छौ ?

तर पछि वैज्ञानिक थोमस अल्बा एडिसनले Ahoy शव्दलाई अप्रभंस गरी सन् १८७७ मा Hello भन्ने प्रस्ताव गरे । उक्त प्रस्तावलाई पारित गर्नका लागि थोमस अल्बा एडिसनले पिट्सबर्गको केन्द्रीय जिल्ला तथा मुद्रण टेलिग्राफ कम्पनीका अध्यक्षलाई पत्र लेखे र टेलिफोनमा सबैभन्दा पहिले बोल्दे शव्द हेल्लो राख्न प्रस्ताव गरे । उनको प्रस्ताव स्वीकृत मात्र भएन उनी आफैले टेलिफोनमा हेल्लो बोल्न सुरु गरे । जुन पछि सबैले प्रयोग गर्न थाले र अहिलेको अवस्थामा आइपुगेको छ ।



आखिर फोनमा किन र कसरी हेल्लो भन्ने चलन आयो होला ? यो सबैको चासोको विषय हुन सक्दछ । यस विषयमा अनेक प्रकारका दाबीहरु छन् । तर त्यसमध्ये एउटा भरपर्दो तथ्य चाहिँ यस्तो छ ।


## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्यकर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

सिस्ने गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो ।
कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भदेभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

**त्रिवेणी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

## हिमाली छापाखाना एण्ड स्टेशनरी पसल

हामीकहाँ फोटोकपी, लेमिलेसन, स्क्रिन प्रिन्ट, फोटो प्रिन्ट, पाठ्यपुस्तक, पत्रपत्रिका, कपडाको झोला छपाई, स्टेशनरी सामान, भिजिटीङ्ग कार्ड, विवाह कार्ड, शुभकामना कार्ड, कम्युटर टाईपिङ्ग, स्क्यानिङ्ग, एमआरपी फारम भर्नुका साथै इमेल इन्टरनेट सेवा समेत प्रदान गरिन्छ ।

हिमाली छापाखाना एण्ड स्टेशनरी पसल
मुसीकोट नगरपालिका १ तल्लो बजार रुकुम (पश्चिम)
फोन ०८८-५३०२६९ वा ९८४७९५४१९९, ९८४७९५४०७१





रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रुकुम
फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम